रामधुनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश १

चं.नं.: ३३८

सामाजिक परिक्षण र सार्वजनिक सुनवाई गर्ने कार्यका लागि शिलबन्दी पस्तावपत्र मागँको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०६।२३ गते

यस रामधुनी नगरपालिकाले गत आ.ब. मा संचालन गरेको योजना तथा कार्यकमको सामाजिक परिक्षण र चालु आ.ब. ०७६।०७७ को पहिलो चौमासिक भित्र गरिने सार्वजनिक सुनवाई समेत गर्ने प्रयोजनको लागि खुला प्रतिस्पर्धा द्वारा संस्था छनौट गर्नु पर्ने भएकोले ईच्छुक योग्य सामाजिक परिक्षण गर्ने र सार्वजनिक सुनवाई गर्ने संस्थाहरु बाट निम्न शर्तहरुको अधिनमा रही के कति दर रेटमा गर्न सकिने हो आफुले गर्न सकने दररेट रकम खुलाई शिलबन्दि प्रस्ताव मिति २०७६।०६।३० गते भित्र यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. सामाजिक परिक्षण गर्ने कार्य वापत कर सहित अधिकतम रु. १,५०,०००।०० (एक लाख पचास हजार) र प्रथम पटकको सार्बजनिक सुनवाई गर्ने कार्य वापत कर सहित अधिकतम रु.६६,०००।०० (छैसट्ठी हजार) मात्र रहेको छ।

२. सिलबन्दी प्रस्तावपत्रका साथ सम्बन्धित संस्था (सामाजिक परिक्षण गर्ने संस्था र सार्वजनिक सुनवाई गर्ने संस्था) दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताका प्रमाणपत्रको प्रतिलिपि लगायत नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपि समेत संलग्न राखी छुट्टाछुट्टै प्रस्ताव पत्र पेश गर्नुपर्नेछ।

३.सामाजिक परिक्षण गर्ने संस्था र सार्वजनिक सुनवाई गर्ने संस्थाले आफनो आफनो प्रस्ताव पत्र छुट्टाछुट्टै सिलबन्दी गरी मिति २०७६।०६।३० गते दिनको १२ बजेसम्म रामधुनी नगरपालिको कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। रितपुर्वक प्राप्त हुन आएका प्रस्तावपत्रहरु सोही दिन दिनको २ बजे यस कार्यालयमा खोलिने छ। उल्लेखित मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यास मिति पछि लगत्तै कार्यालय खुल्ने दिनको सोही समय तालिका अनुसार दर्ता गर्ने र खोल्ने कार्य गरिने छ।

४. सामाजिक परिक्षण गर्ने संस्थाले रामधुनी नगरपालिकाको सामाजिक परिक्षण कार्यविधि २०७६ र सार्वजनिक सुनवाई गर्ने संस्थाले रामधुनी नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि २०७६ मा व्यवस्था भए अनुसार गर्नु पर्ने छ।

५. तोकिएको समय अवधिभित्र कार्यालय समयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका प्रस्ताव पत्र उपर कुनै कारवाही हुनेछैन।

६. प्रस्ताव पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रामधुनी नगरपालिकामा सुरक्षित रहने छ।

७. प्रस्ताव पत्रको साथमा आफनो अनुभवको प्रमाणपत्र, सवल प्राविधिक पक्षहरुको विवरण तथा अन्य यस संग सम्बन्धित विवरण पेश गर्ने सस्थालाई विशेष प्राथमिक्ता दिईनेछ।

८. अन्य सम्पूर्ण कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

९.अन्य केही कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र ०२५-५६२००५ र ०२५-५६२५६६ मा सम्पर्क गर्न सकिनेछ।

..............................

प्रमुख प्रशासकिय अधिकृत

रामधुनी नगरपालिका